सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ४१ ♦ २०८३ साल मंसीर १० विहिवार ♦ 26 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

सोमबारदेखि जनकपुर धाम-अयोध्या रेल सेवा नियमित गुड्ने

खबर दर्पण समाचारदाता

मंसीर ९ गते, बर्दिवास

जनकपुरधाम र भारतको अयोध्याधामबीच सञ्चालन हुने सरयू-कमला एक्सप्रेस रेल सेवा आगामी सोमबारदेखि नियमित सञ्चालन गर्ने तयारी गरिएको छ ।

नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले अर्को सातादेखि नियमित रेल सेवा शुरु हुने जानकारी दिँदै यसले जनकपुरधामलाई भार तको धार्मिक पर्यटन सञ्जालसँग जोड्ने बताए । उनका अनुसार नियमित सेवा सुरु भएपछि अयोध्याबाट जनकपुरधाम आउने तथा जनकपुरधामबाट अयोध्या जाने तीर्थयात्री र सर्वसाधारणलाई रेलमार्गबाट यात्रा गर्न सहज हुनेछ । प्रधानमन्त्री बालेन्द्र साह -बालेन) र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार भारतको नयाँदिल्लीबाट संयुक्त रूपमा भर्चुअल माध्यमबाट रेल सेवाको उद्घाटन गरेका थिए ।

उद्घाटनपछि सोमबार अयोध्याधामबाट प्रस्थान गरेको रेल विभिन्न स्टेसन हुँदै मंगलबार बिहान जनकपुरधाम आइपुगेको थियो । करिब ६०४ किलोमिटर लामो यात्राका क्रममा रेल भार तको उत्तर प्रदेश र बिहारका विभिन्न सहर हुँदै नेपाल प्रवेश गरेको थियो । मन्कापुर, बस्ती, गोरखपुर, नरकटियागञ्ज, र क्सौल, सीतामढी, शिशो, मधुबनी र जयनगरलगायतका स्टेसन हुँदै रेल जनकपुरधाम आइपुगेको थियो । १७ वटा डिब्बा रहेको रेलमा स्लिपर, एसी थ्री टियर, एसी थ्री टियर इकोनोमी र एसी टु टियरका सुविधा उपलब्ध छन् । अयोध्या-जनकपुरधाम रेल सेवा सञ्चालनले धार्मिक पर्यटन विस्तारको सम्भावना बढाए पनि त्यसबाट स्थानीय अर्थतन्त्रलाई लाभ पुऱ्याउनु चुनौतीपूर्ण रहेको सरोकारवालाको भनाइ छ ।

जनकपुरधाम-४ का स्थानीय व्यवसायी पुरुषोत्तम साहले अयोध्याबाट आउने पर्यटकलाई जानकी मन्दिरको दर्शन गराएर केही घण्टामै फर्काउनेभन्दा जनकपुरधाम तथा आसपासका धार्मिक र पर्यटकीय स्थलको भ्रमण गराउने वातावरण बनाउनुपर्नेमा जोड दिए । उनका अनुसार तीर्थयात्रीको बसाइ अवधि बढाउन सके स्थानीय होटल, रेस्टुरेन्ट, यातायात, हस्तकला तथा अन्य व्यवसायले प्रत्यक्ष लाभ लिन सक्छन् । त्यसका लागि धार्मिक स्थलको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार विकास र व्यवस्थित भ्रमण प्याकेज निर्माणमा ध्यान दिन आवश्यक छ ।

वैदेशिक रोजगार : न्यायमा पहुँचका लागि कानुनमा सुधारको आवश्यकता



खबर दर्पण समाचारदाता

मंसीर ९ गते, बर्दिवास

वैदेशिक रोजगारमा गएकाहरुको न्यायमा पहुँचका लागि वर्तमान कानूनमा सुधारको आवश्यकता रहेकोमा वक्ताहरुले जोड दिनुभएको छ ।

मधेस प्रदेशको राजधानी जनकपुरधाममा बुधबार पिपुल फोरमले आई.ओम.एम. नेपालको सहयोगमा जिल्ला स्तरीय सरोकारवालाहरुका लागि वैदेशिक रोजगारको न्यायमा पहुँचसम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी वक्ताहरुले यस प्रकार को जोड दिनुभएको हो । वक्ताहरुले वैदेशिक रोजगारीमा गएकाहरुले पठाएका रेमिटान्सको कारण देशको अर्थतन्त्रमा ठुलो मद्दत पुगेको भएपनि वैदेशिक रोजगारीमा गएकाहरुको सुरक्षाका सवालमा वर्तमान कानुन प्रभावकारी नदेखिएकोले कानुनको संशोधन हुनुपर्ने माग गरेका थिए ।

कार्यक्रममा अधिवक्ता सोम लुइटेलले कामदारको न्यायमा पहुँचको अवस्था सन्दर्भमा आफनो प्रस्तुती गर्दै वैदेशिक रोजगारीमा गएकाहरुको न्यायमा पहुँचका लागि पिडितलाई न्याय उचित क्षतिपुर्तिको व्यवस्थाको साथसाथै पिडितले स्थानीय स्तरबाटै न्याय पाउने किसिमको व्यवस्था कानुनमा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

उजुरी कहाँ गर्ने विषयमा धेरै जसो पिडित कामदारलाई जानकारी नरहेको कारण पनि तिनीहरु न्यायको पँहुचबाट वन्चित हुनुपरेको उहाँको भनाइ छ । उहाँले उजुरी गरेपछि पीडितले पाउने न्यायका सन्दर्भमा वर्तमान काननुन झन्झटिलो भएका कारण पनि पीडित भएर पनि उनीहरु न्यायको पहुँचसम्म पुग्न नसकेको बताउनुभयो । कार्यक्रममा अर्का अधिवक्ता एमव पिपुल फोरमका उपाध्यक्ष कृष्ण प्रसाद गौतमले आप्रवासन ,व्यवसाय र मानव अधिकारको विषयमा आफनो प्रस्तुती गर्दै कुनै पनि व्यवसाय सञ्चालन गर्दा मानव अधिकारको ख्याल गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले वर्तमान अवस्थामा मानव अधिकारको ख्याल नगरिएका कारण उनीहरु पीडित हुने गरेको बताउनुभयो ।

कार्यक्रममा अधिवक्ता पल संग्रौलाले वैदेशिक रोजगारको वर्तमान अवस्थाबारेमा जानकारी दिँदै वैदेशिक रोजगार मा गएकामध्ये ८८ प्रतिशत पुरुष र १२ प्रतिशत महिला रहेको जानकारी दिनुभयो । उहाँले वैदेशिक रोजगारीका लागि हाल १६८ वटा राष्ट्र खुला गरिएको जानकारी दिदै नेपालमा हालसम्म ७३ लाख ९० हजार नागरिकले श्रम स्वीकृती लिएको बताउनुभयो । उहाँले आर्थिक वर्ष २०८२/०८३ को तथ्याङ्क अनुसार मधेस प्रदेशको पाँच वटा जिल्लाबाट सबैभन्दा बढी व्यक्ति वैदेशिक रोजगारीमा गएको जसमा धनुषा पहिलो नम्बरमा रहेको बताउनुभयो । उहाँले युरोपियन देशमा बढी कामदारहरु जान चाहेको भन्दै वैदेशिक रोजगारीमा जाने व्यक्तिले हरेक विषयमा जानकार भएर जानुपर्ने बताउनुभयो । जनकपुरधाम उपमहानगर पालिकाको न्यायिक समितिका सदस्य परमेश्वर साहको अध्यक्षतामा भएको सो कार्यक्रममा जिल्ला प्रशासन कार्यालय धनुषाको मुद्दा शाखाका अनिल कुमार मण्डल ,नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामतले धारणा राख्नुभएको थियो ।

मितव्ययी रुपमा चाडपर्व मनाऔं

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

लक्ष्मीनिया गाउँपालिका, धनुषा

खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/ वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

मिथिला नगरपालिका, धनुषा

पूर्वमन्त्री साहको मुद्दा शीघ्र टुंग्याउन माग गर्दै समर्थकद्वारा प्रशासनमा ज्ञापनपत्र

खबर दर्पण समाचारदाता
मंसीर ९ गते, बर्दिवास



पूर्वमन्त्री संजय साहको मुद्दा शीघ्र सुनुवाइ गरी न्यायिक प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन माग गर्दै उनका समर्थकहरूले जिल्ला प्रशासन कार्यालय धनुषामा ज्ञापनपत्र बुझाएका छन् ।

वर्षौंसम्म मुद्दाको अन्तिम फैसला हुन नसकेको भन्दै समर्थकहरूले न्यायिक प्रक्रियामा भइरहेको ढिलाइप्रति असन्तुष्टि जनाएका छन् ।

नेपालमा मुद्दाको तीन वर्षभित्र छिनोफानो गर्ने व्यवस्था रहे पनि साहले १३ वर्षभन्दा बढी समय कारागारमा बिताइसक्दा समेत मुद्दाको अन्तिम टुंगो लाग्न नसकेको उनीहरूको भनाइ छ। ज्ञापनपत्र बुझाउने क्रममा रामअशिष दासले लामो समयसम्म मुद्दाको फैसला नहुनु गम्भीर विषय भएको उल्लेख गर्दै आफ्नो नेताको जीवन नै समाप्त पार्ने षड्यन्त्र भइरहेको आशंका व्यक्त गरे । उनले न्यायिक प्रक्रियालाई छिटो अगाडि बढाउन सम्बन्धित निकायसँग मागसमेत गरे ।

समर्थकहरूले अदालतमा वर्षौंदेखि विचाराधीन रहेका मुद्दाहरूको शीघ्र सुनुवाइ र फैसला गर्नुपर्ने माग गरेका छन् । तीन वर्षभित्र मुद्दाको अन्तिम निरूपण गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने उनीहरूको जोड छ । त्यस्तै, खुला इजलासमा हुने सुनुवाइलाई प्रत्यक्ष प्रसारण (लाइभ स्ट्रिमिङ) गर्ने व्यवस्था मिलाउन पनि उनीहरूले माग गरेका छन् । यसले न्यायिक प्रक्रियामा पारदर्शिता कायम गर्नुका साथै आम नागरिकलाई अदालतको कामकारबाहीबारे जानकारी लिन सहज हुने ज्ञापनपत्रमा उल्लेख छ ।

ज्ञापनपत्रमार्फत फौजदारी मुद्दाको अनुसन्धान तथा न्याय निरूपणमा फरेन्सिक, नार्को, पोलिग्राफ र ब्रेन म्यापिङजस्ता वैज्ञानिक परीक्षणबाट प्राप्त प्रमाणलाई प्राथमिकता दिनुपर्ने मागसमेत गरिएको छ । साथै, झुटा मुद्दा लगाउने व्यक्तिहरूमाथि निष्पक्ष छानबिन गरी कानुनी कारबाही गर्नुपर्ने उनीहरूको माग छ ।

समर्थकहरूले पूर्वमन्त्री साहको मुद्दासहित लामो समयदेखि अदालतमा विचाराधीन रहेका सबै मुद्दाको निष्पक्ष, पारदर्शी र शीघ्र निरूपणका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

पत्रकारमाथिको धरपकडविरुद्ध धनुषामा पत्रकारहरूको प्रदर्शन



खबर दर्पण समाचारदाता
मंसीर ९ गते, बर्दिवास

पत्रकारहरूलाई सञ्चारगृहमै प्रवेश गरी विभिन्न बहानामा पक्राउ गर्ने तथा नियन्त्रणमा लिने कार्यको विरोधमा नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आयोजनामा देशभर का ७७ वटै जिल्लामा एकसाथ विरोध प्रदर्शन गरिएको छ।

यसैक्रममा नेपाल पत्रकार महासंघ धनुषा शाखाका अध्यक्ष पुरन गुप्ताको नेतृत्वमा जनकपुर धाममा पनि विरोध प्रदर्शन गरिएको छ।

महासंघ धनुषा शाखाको कार्यालय परिसरबाट निस्केको विरोध जुलुस नगर परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालय धनुषामा पुगेर विरोध कार्यक्रममा परिणत भएको थियो। प्रदर्शनमा वरिष्ठ पत्रकार तथा स्वतन्त्रता सेनानी रामभरत साह, पत्रकार धर्मेन्द्र झा, नेपाल पत्रकार महासंघ धनुषा शाखाका सचिव बटुकनाथ झा, पत्रकार ध्रुवकुमार झा, शैलेन्द्र झा, राजन सिंह, दिपेश मल्लिक, नवीन प्रदर्शी, प्रमोद साह, रंगीले भगलु मण्डललगायत करिब चार दर्जन पत्रकारहरूको सहभागिता रहेको थियो।

त्यस्तै महिला पत्रकारहरू चाँदनी झा, रिंकु, गायत्री मिश्र र माला रायलगायतको पनि उल्लेख्य उपस्थिति थियो।

'पत्रकारलाई पक्राउ गर्ने हो भने सामूहिक गिरफ्तारी देऊ' भन्ने नारासहित प्रदर्शनमा उत्रिएका पत्रकारहरूले जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारीसमक्ष आफ्ना गुनासा तथा मागहरू राखेका थिए।

सो क्रममा प्रदर्शनकारी पत्रकार र सुरक्षाकर्मीबीच केहीबेर सामान्य धम्साधम्सीसमेत भएको खबर प्राप्त भएको छ।

पत्रकारमाथि हुने धरपकड बन्द गर्न, प्रेस स्वतन्त्रताको सम्मान गर्न तथा निर्बाध रूपमा पत्रकारिता गर्ने वातावरण सुनिश्चित गर्न माग गर्दै पत्रकार हरूले विरोध प्रदर्शन गरेका हुन्।

बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।

सोनमा गाउँपालिका, महोत्तरी

लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं

औरही नगरपालिका, महोत्तरी

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

जनकपुरधाममा...

तथा न्यायमा पहुँच सुनिश्चित गर्ने र हिंसामुक्त समाज निर्माणका लागि सामूहिक प्रतिबद्धता जनाउने उद्देश्यले अभियान सञ्चालन गरिएको हो ।

प्रहरीका अनुसार प्रभातफेरी तथा र्‍याली शान्तिपूर्ण र सफलतापूर्वक सम्पन्न भएको छ ।




लगातार.....

ठाकुरले बताए ।

सम्मान कार्यक्रममा बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षेत्री, बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष दीपक कार्कीलगायतको उपस्थिति थियो ।

'कर न्याय र सुशासनको सुनिश्चितता: समृद्धिमा नागरिक सहभागिता' भन्ने मूल नाराका साथ मंसिर १ गतेदेखि ७ गतेसम्म कर सप्ताह मनाइएको थियो ।



नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेश्रो पटक प्रकाशित मिति : २०८३।०८।१०

यस कम्पनीको विशेष साधारण समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३।०८।०२ मा समेत स्वीकृति प्राप्त भई सावित कम्पनी महेन्द्र निर्माण सेवा प्रा. लि. (प्रा.लि.न. ३५१७७३) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको अजिमा निर्माण कम्पनी प्रा.ली. अंग्रेजीमा Ajima Nirman Company Pvt.Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०६७।१२।०१ मा दर्ता भएको प्रा.लि.नं.८१४८५ भएको एम.आर. सब रेमिट एण्ड कम्युनिकेशन (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०८।०२ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम बिशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषाल च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

जलेश्वर नगरपालिका, महोत्तरी

सूचनाको हकः नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राखु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

मनरा सिस्वा नगरपालिका, महोत्तरी

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

सम्सी गाउँपालिका, महोत्तरी

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

महोत्तरी गाउँपालिका, महोत्तरी

बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमाः

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

पिपरा गाउँपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पु-याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

रामगोपालपुर नगरपालिका, महोत्तरी

जनकपुरधाममा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु

खबर दर्पण समाचारदाता

मंसीर ९ गते, बर्दिवास

लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यवद्धता जनाउँदै जनकपुर धाममा अन्तर्राष्ट्रिय लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु गरिएको छ ।

अभियानको पहिलो दिन मंसिर ८ गते जनकपुरधामस्थित जनकचोकबाट प्रभातफेरी तथा ज्याली आयोजना गरिएको हो । 'लैङ्गिक हिंसा अन्त्यका लागि ऐक्यवद्धता : पीडितको संरक्षण, दण्डहीनताको अन्त्य र न्यायको सुनिश्चितता' भन्ने राष्ट्रिय नाराका साथ आयोजित कार्यक्रममा विभिन्न संघसंस्था, विद्यालयका विद्यार्थी, नागरिक समाज तथा



प्रहरीसहित करिब २०० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्रहरी निरीक्षक रेजिना श्रेष्ठको कमान्डमा २१ जना र मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर बाट प्रहरी निरीक्षक बसन्त सोनारको कमान्डमा २१ जना गरी ४२ जना प्रहरी कर्मचारी परिचालन गरिएको थियो ।

लैङ्गिक हिंसाविरुद्ध जनचेतना अभिवृद्धि गर्ने, पीडितको संरक्षण

बाँकी पृष्ठ ३ मा

लगातार चौथो वर्ष सबैभन्दा बढी आयकर दाखिला गर्ने कुमार भण्डारी सम्मानित

खबर दर्पण समाचारदाता

मंसीर ९ गते, बर्दिवास

महोत्तरीको बर्दिबासका व्यवसायी कुमार भण्डारी लगातार चौथो वर्ष पनि सबैभन्दा बढी आयकर दाखिला गर्ने कर दाताका रूपमा सम्मानित भएका छन् ।

भण्डारी सप्लायर्स र रक्षा ट्रेडर्स एण्ड सप्लायर्सका सञ्चालक भण्डारीलाई आन्तरिक राजस्व कार्यालय बर्दिबास, महोत्तरीले राष्ट्रिय कर दिवस-२०८३ को अवसरमा सम्मान गरेको हो । आर्थिक वर्ष २०८१/८२ को आय विवरणअनुसार कार्यालयको कार्यक्षेत्रभित्र पर्ने महोत्तरी, सिन्धुली, सर्लाही र



धनुषामध्येबाट सबैभन्दा बढी आयकर दाखिला गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याएको भन्दै उनलाई सम्मानपत्र प्रदान गरिएको हो ।

लगातार चार वर्षसम्म सबैभन्दा बढी आयकर दाखिला गरी सम्मानित हुनु व्यवसायी भण्डारीका लागि मात्र नभई अन्य करदाताका लागि पनि प्रेरणाको विषय बनेको आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत सुन्दरश्याम

बाँकी पृष्ठ ३ मा

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

एकडारा गाउँपालिका, महोत्तरी

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गौशाला नगरपालिका, महोत्तरी

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलव्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

भंगहा नगरपालिका, महोत्तरी

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

बर्दिवास नगरपालिका, महोत्तरी

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

लोहापट्टी नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

बलवा नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,